# श्री लक्ष्मी महिला सामुदायिक वन उपभोक्ता समुह

गोदावरी न.पा.-९,सेहरी,कैलाली

पत्र संख्या:-२०८०/०८१ मिति:२०८१/०१/१८

च.न.:- 20

गोलिया काठ लिलाम बिक्रि सम्बन्धि बिस्तृत सूचना

(पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०१/१८)

यस सा.व.उ.स.को सामुदायिक वन क्षेत्रबाट आ.ब.२०८०/०८१ मा नियमानुसार संकलन गरि समूहको कम्पाउण्डमा घाट गद्दी भएको तपशिल बमोजिम लट र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सुदूरपश्चिम प्रदेश वन नियमावली २०७८ को नियम९ मा व्यवस्था भए बमोजिमका उद्योगहरुले यो सूचना मिति २०८१/०१/१८ गतेको पश्चिम टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र खरिद गरि२२ औ दिनमा रितपूवकको सिलकन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपशिल:

१) वन पैदावारको विवरण :-

| वन पैदावारको विवरण | | | | | | संकलन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| लट नं. | जत | ग्रेड | गोलिया थान | काठको परिमाण (घ.फि.) | न्यूनतम मूल्य ( रु.) | खर्च(रु.) | |
| १/२०८०/०८१ | खयर | | २४ | १७८.९३ | २१४७१६ | २६८३९.५० | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८१।०२।०७ (ख) समय: साँझ ४:०० बजे सम्म

३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८१।०२।०८ (ख) समय: दिँउसो १:०० बजे सम्म

४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस लक्ष्मी महिला सामुदायिक वन उपभोक्ता समुहको कृषि विकास बैंक लि.शाखा कार्यालय धनगढीमा रहेको खाता नं.०८२२५००३९४७४००१७ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकको ६ महिनको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५) बोलपत्र फाराम प्रति लटको रु.१०००।- (पछि फिर्ता नहुने गरी)यस लक्ष्मी महिला सा.व.उ.स.को कार्यालय,गोदावरी न.पा.९, तथा डिभिजन वन कार्यालय,धनगढी,कैलालीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६) लिलाम बढाबढ हुने वन पैदावार गोदावरी न.पा.९ स्थित सा.व.उ.स.को घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७) लिलाममा भाग लिन उद्योगका प्रोपाराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (**PAN**) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०।०२।०८ गते दिनको ३:०० बजे साँक्षीहरुको रोहवरमा खोलिने छ ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्तभएको १० (दश) दिन भित्र सकार गरेको रकम, राजश्व, मूल्य अभिवृद्धि कर,संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०)बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११) बोलपत्र विक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स.मा निहित रहनेछ ।

१३) सिलबन्दी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम,ठेगाना तथा लट नं. उल्लेख गर्नुपर्नेछ ।

१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नुहुन सकिनेछ ।

१५) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।